इन्टर्नेट (ई-मेल सहित) सेवाको अनुमतिपत्र खारेज गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रकाशित मितिः २०८३/०८/०२

नेपाल दूरसञ्चार प्राधिकरणबाट इन्टर्नेट (इ-मेल सहित) सेवाको अनुमतिपत्र प्राप्त संस्था, श्री इन्नोभेटिभ कम्युनिकेशन सिस्टम प्रा.लि. तीनकुने-३२, काठमाडौँले अनुमतिपत्र (अनुमतिपत्र नं. फि.ज. १-१७९) नवीकरणका लागि तोकिएको अवधिभित्र निवेदन पेश नगरेको तथा नियमानुसार नवीकरण दस्तुर समेत नबुझाएकोले उक्त सेवा प्रदायकलाई प्रदान गरिएको इन्टर्नेट (ई-मेल सहित) सेवाको अनुमतिपत्र दूरसञ्चार ऐन, २०५३ को दफा २५ (५) बमोजिम मिति २०८३/०७/०३ देखि स्वतः खारेज भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै त्यस प्रा.लि. ले नियमानुसार तिर्न/बुझाउन पर्ने रकमका सम्बन्धमा यो सूचना जारी भएको मितिले ३० दिनभित्र यस कार्यालयमा सम्पर्क गर्न समेत सूचित गरिएको छ । अन्यथा प्रचलित कानून अनुसार कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरण
अनुमतिपत्र व्यवस्थापन शाखा
जमल, काठमाडौँ ।
फोन नं. ९७७-०१- ५३५५४७४
Email: ntra@nta.gov.np, URL: www.nta.gov.np